श्री

# बाजुरा जिल्ला अदालत

## मार्तडी, बाजुरा

☎ ०९७-५४१०१६
🖷 ०९७-५४१०१६

प.सं.२०७८/०७९

मितिः-२०७९।०५।१५

च.नं.

## सूचना !  सूचना !!  सूचना !!!

### विषयः- मेलमिलापकर्ताहरुको अद्यावधिक गर्ने सम्बन्धमा ।

जिल्ला अदालत नियमावली, २०७५ को नियम ४९(१) र नियम ५० तथा मेलमिलाप सम्बन्धी नियमावली २०७० को नियम ९ बमोजिम यस अदालतमा प्रत्येक वर्ष मेलमिलापकर्ताको सूची अद्यावधिक गर्नुपर्ने भएकोले यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचिकृत रहनु भएका व्यक्तिहरुले सूची अद्यावधिक गर्न र मेलमिलापकर्ताको रुपमा यस अदालतमा सूचिकृत हुन इच्छुक देहायका योग्यता पुगेका महानुभावहरुले मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ४ बमोजिम ऐ. नियमावलीको अनुसूची २ को ढाँचामा निवेदन दिनु हुन देहाय लेखिए अनुसार कागजपत्र राखी यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र यस अदालतको मेलमिलाप केन्द्रमा निवेदन दिनु हुन मेलमिलाप सम्बन्धी नियमवाली, २०७० को नियम ३ र नियम ९ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

<u>देहायः-</u>

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
३. मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि ।
४. मेलमिलापकर्ताको पासपोर्ट साइजको फोटो २ प्रति ।
५. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक गरेको ।
६. मेलमिलाप सम्बन्धी तोकिएको अवधिको तालिम लिएको ।
७. नैतिक पतन देखिन फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको ।
८. मेलमिलाप सम्बन्धी ऐन, २०६८ विपरित कुनै काम गरेको कारण मेलमिलापकर्ताको सूचिबाट नाम नहटाइएको ।
९. मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा मेलमिलाप परिषदबाट मेलमिलाप सम्बन्धी कार्य गर्न दिइएको स्वीकृतको प्रतिलिपि, संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि ।
१०. पच्चीस वर्ष उमेर पुरा भएको ।

२०७९।५।१५

(पुष्पराज पाण्डेय)
स्रेस्तेदार (उपसचिव)

Email:- info.dcbajura@supremecourt.gov.np, admin.dcbajura@supremecourt.gov.np